आज मिति २०७५/१२/१९ गते दिनको १:०० बजे यस गोरखा नगरपालिका गोरखाका नगर प्रमुख श्री राजन राज पन्त ज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो बैठकमा निम्नानुसारको कार्यपालिका सदस्य ज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.स. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उप प्रमुख | श्री बिना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री राम बहादुर बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री राम कुमार थापा मगर | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री बिष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री कुल बहादुर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री देबी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | श्री कृष्ण कुमारी श्रेष्ठ<br>श्री भिमसेन श्रेष्ठ | |
| २६ | प्र. अधिकृत | श्री प्रकाश ढकाल | |
| २७ | इन्जिनियर | श्री राम कुमार श्रेष्ठ | |
| २८ | रा. पु. | | |
| | | | |

Scanned by CamScanner

गोरखा नगरपालिका, नगरकार्यपालिका बैठक २०७५।१२।१९ मा छलफल हुने प्रस्तावहरु:

१. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्बन्धमा ।

२. यस नगरपालिकाको चालु आ.व.मा सञ्चालित योजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा सम्बन्धमा ।

३. लिगलिग पालुङटार मेयर कप, २०७५ मा विजेता बन्न सफल यस नगरपालिकाका खेलाडी तथा अफिसियलहरुलाई बधााई तथा सम्मान गर्ने कार्यक्रम सम्बन्धमा ।

४. यस नगरपालिकाको आगामी आ.व. २०७६।७७ को नीति, योजना, बजेट तथा कार्यक्रमको पूर्वतयारी सम्बन्धमा ।

५. यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकाको भावी योजना तथा कार्यक्रम सम्बन्धमा ।

६. विविध

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

रञ्जनराज पन्त
प्रमुख

**निर्णयहरु:**

निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा जिल्ला स्तरमा हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुनका लागि यस नगरपालिका भित्रका माध्यामिक तहका संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई तयारी गराई मिति २०७५।१२।२९ गते भित्र खेलमा सहभागी हुने खेलाडीको नाम छनोट गर्न विद्यालयहरुलाई पत्राचार गर्ने र मिति २०७६।०१।०२, ३ र ४ गते स्थानीय तहको खेल आयोजना गर्ने निर्णय गरियो र उक्त खेलबाट छनोट भएका खेलाडीहरुलाई जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउने निर्णय गरियो ।

निर्णय नं २

यस नगरपालिकाको चालू आ.व.मा सञ्चालित भौतिक पूर्वाधार तर्फको नगरस्तरीय र वडास्तरीय योजना कार्यान्वयनको अवस्था समीक्षा गरियो । हालसम्म कार्यान्वयन भएका योजनाको भौतिक प्रगति ४० प्रतिशत रहेको पाइयो । सम्झौता हुन बाँकी योजनाहरुको सम्झौता प्रक्रिया अगाडि बढाई छिटो कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

गण्डकी प्रदेशस्तरीय लिगलिग पालुङटार मेयरकप, २०७५ को विजेता बन्न सफल यस नगरपालिकाका खेलाडी तथा अफिसियलहरुलाई यस नगरपालिकाको गरिमा बढाउन सफल भएकोमा नगरपालिकाको तर्फबाट बधाइ ज्ञापन तथा सम्मान गर्ने निर्णय गरियो । सम्मानका लागि एक एक जोर स्पोर्ट्स शुज र प्रथम पुरस्कार स्वरुप प्राप्त नगद रकम रु. २,३४,५६७ खेलाडीहरुलाई दामासाहीमा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आगामी आ.व.२०७६।७७ को लागि यस नगरपालिकाको नीति, योजना, बजेट तथा कार्यक्रमको पूर्व तयारीका लागि सबै वडाहरुले आफ्नो वडाभित्रको सबै टोलको टोलभेला गरी २०७६ बैशाख २५ गते भित्र सुझाव संकलन गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदिडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

रञ्जनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

सजनराज पन्त
प्रमुख

निर्णय नं. ५

यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नका लागि घनीभूत रुपमा छलफल गरियो । विद्यालयको गुणस्तर सुधार गर्नका लागि अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यालय परिवारलाई जिम्मेवार बनाउन छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकाको योजना तथा कार्यक्रम कार्यान्वयनको अन्तिम चौमासिकको चरणमा रहेकोले यस अवस्थामा योजना संशोधन गर्दा कार्यान्वयनमा समस्या आउने भएकाले वडामा रहेका योजना तथा कार्यक्रम संशोधन गर्नै पर्ने अवस्था छ भने (विपद् व्यवस्थापन बाहेकका) २०७५।१२।२४ भित्र योजना संशोधन गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो । साथै आजको बैठकमा पेश हुन आएका वडा नं. ७, ८ र ९ का वडा समितिबाट निर्णय भई तपशील बमोजिमका कार्यक्रमहरु संशोधन तथा बजेट विनियोजनका लागि सिफारिस भई स्वीकृतिका आएकोले उक्त बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

| वडा नं. | कार्यक्रम शीर्षक | बजेट रु. | कार्यक्रम संशोधन | बजेट रु. |
|---|---|---|---|---|
| ७ को वडा समितिको २०७५।१२।०३ को निर्णय | मर्मत सम्भार | १,९७,१७९।- | खानेपानी चोक देखि सतिपीपल चोक सम्मको नाला मर्मत तथा स्तरोन्नति गर्ने | ५०,०००।- |
| | | | हिले पोखरी सामुदायिक भवन मर्मत | ५०,०००।- |
| | | | मान्द्रेढुंगा पीपलगैरी खोल्सीमा जाली भर्ने | ५०,०००।- |
| | | | नयाँ बजार तरकारी भवन आसपासको खोला सरसफाई तथा नाला मर्मत | ४५,०००।- |
| ८ को वडा समितिको २०७५।११।०७ को निर्णय | आयुर्वेद चौताराबाट चोक जाने बाटोमा वाल निर्माण | १,००,०००।- | मेयरकप, २०७५ प्रतियोगितामा सहभागी हुनको लागि खर्च गर्ने | १,००,०००।- |
| | पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | १,००,०००।- | मनकामना महिला भवन निर्माणमा खर्च गर्ने | १,००,०००।- |
| ९ को वडा समितिको २०७५।११।१४ को निर्णय | मर्मत सम्भार | | श्री महालक्ष्मी मा.वि.मा रहेको शिलालेख मर्मतका लागि | ३०,०००।- |
| | वडा व्यवस्थापन | | अध्ययन अवलोकन भ्रमणको लागि अपुग रकम व्यवस्थापन गर्ने | ६०,०००।- |

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा, जिल्ला
गण्डकी प्रदेश, नेपाल

सजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner